## मिति २०८०/०६/२१ गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकमा पेश भएका प्रस्तावहरु:

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो बैठकको समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | |
| २. | सेवाप्रवाह र गुनासो व्यवस्थापन सम्बन्धमा । | सेवा प्रवाह र प्राप्त गुनासो व्यवस्थापन सम्बन्धमा छलफल गर्ने | |
| ३. | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरु रोजगार व्यवस्थापन सूचना प्रणालीबाट बेरोजगार व्यक्तिहरु छनौट गरि योजना कार्यान्वियन गर्ने । | |
| ४. | श्रम रोजगार बैङ्क कार्यक्रम सम्बन्धमा । | श्रम रोजगार बैङ्क कार्यक्रम अन्तर्गतका आयोजना छनौट सम्बन्धमा । | |
| ५. | खेलकूद विकास समिति गठन सम्बन्धमा । | भगवतीमाई गाउँपालिका अन्तर्गत रहेको खेलकूद विकास समितिको समयावधि समाप्त भएको हुँदा नयाँ समिति गठन गर्ने । | |
| ६. | वार्षिक प्रगति समिक्षा सम्बन्धमा । | गत आ.व. २०७९/०८० वार्षिक प्रगति समिक्षा गर्ने । | |
| ७. | गत आ.व.को दायित्व भुक्तानी सम्बन्धमा । | गत आ.व.को दायित्व भुक्तानी गर्नपर्ने केहि योजना तथा कार्यक्रमको रकम चालु आ.व. को कार्यक्रममा छुट हुन गएकोले दायित्व भुक्तानी गर्ने । | |
| ८. | कार्यविधि स्वीकृत सम्बन्धमा । | बालिका तथा समावेशी शिक्षा सञ्जाल परिचालन कार्यविधि २०८० माथि छलफल तथा स्वीकृत गर्ने । | |
| ९. | मुख्यमन्त्री रोजगार कार्यक्रमको आयोजना संशोधन सम्बन्धमा । | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत वडा नं. ४ को लागि स्वीकृत भई आएको मन्घरचौर तरकारी तथा फलफूल खेती आयोजना कार्यान्वयनको लागि आवश्यक सार्वजनिक जग्गा उपलब्ध नभएको हुँदा उक्त आयोजना संशोधन गर्ने । | |

## मिति २०८०/०६/२१ गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकबाट भएका निर्णयहरु:

१. अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

**२.** सेवा प्रवाह र प्राप्त गुनासो व्यवस्थापन सम्बन्धमा छलफल गरियो । गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट प्रवाह गरिने सेवाप्रवाह तथा कार्यक्रम र आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**३.** चालु आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरु कार्यान्वयनको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो।

**क.** रोजगार व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रमको सूची स्वीकृत गर्ने

**ख.** प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गर्न निम्न विषयवस्तु माथि अनुमोदन गर्ने

- रोजगारी दिनः श्रमिकलाई १०० दिनको रोजगारीमा संलग्न गराउने ।
- उमेर समूहः युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना संचालन गरिने वडाहरुले बेरोजगार व्यक्तिको छनोट गर्दा १८ देखि ४० उमेर समूहभित्रका श्रमिकको छनोट गर्ने ।

- श्रमिक संख्याः संचालन हुने आयोजनाका लागि आवश्यक भन्दा बढी श्रमिकको छनोट कार्य नगर्ने/नगराउने ।
- सीप तथा तालिमः युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरिने वडाहरुमा ४० दिनको कार्यस्थलमा आधारित तालिम र १० दिनको जीवन उपयोगी सीप तथा ५० दिनको स्थानीय पूर्वाधार मर्मत सम्बन्धी कार्य सञ्चालन गरिने ।
- समिति गठन प्रक्रियाः समिति गठन कार्य गर्दा श्रमिकको पहिचान गरि उक्त सूचीबाट जानेबुझेको तथा पढेलेखेको व्यक्ति जसले निश्पक्ष ढङ्गबाट योजनामा सहजीकरण गर्न सक्छ त्यस्ता श्रमिकहरुको पहिचान गरि समिति निर्माण कार्य गर्ने ।

४. यस गाउँपालिका अन्तर्गत सञ्चालित श्रम रोजगार कार्यक्रमको लागि चालु आ.व. २०८०/०८१ को लागि विनियोजित बजेटबाट देहाय बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| १. | बगौरा कोलटाकुरा सडक स्तरोन्नती कार्य | वडा नं. १ | १३०००००। |
| २. | जनता मा.वि. रुम घेरवार | वडा नं. २ | ६०००००। |
| ३. | सुवाखोली ढाँणगाउँ गोरेटो बाटो निर्माण | वडा नं. २ | ६०००००। |
| ४. | फलाँटा प्रतिक्षालय निर्माण | वडा नं. २ र ३ | ३०००००। |
| ५. | काटिया चिसापानी सडक निर्माण | वडा नं. ३ | ११०००००। |
| ६. | सिमढाँण बुंची सडक निर्माण | वडा नं. ४ | १३०००००। |
| ७. | जुम्लाकाफल कचाली सडक निर्माण तथा मर्मत | वडा नं. ५ | ७०००००। |
| ८. | दाडिम वडा कार्यालय पान्तोला सडक निर्माण | वडा नं. ५ | ६०००००। |
| ९. | आडखोला धारेढुङ्गा सिंचाई कुलो निर्माण | वडा नं. ६ | १३०००००। |
| १०. | खालीडाँडा खोर खगेना सडक मर्मत सुधार | वडा नं. ७ | १३०००००। |

५. भगवतीमाई गाउँपालिका अन्तर्गत रहेको खेलकूद विकास समितिको समयावधि समाप्त भएको हुँदा नयाँ समिति गठन सम्बन्धी निर्णय अर्को बैठकबाट गर्ने ।

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत गत आर्थिक वर्ष २०७९/०८० मा भएका गरेका सेवाप्रवाह र सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षा यहि मिति २०८०/०६/२९ र ३० गते गर्ने निर्णय गरियो ।

७. गत आ.व.को दायित्व भुक्तानी गर्नपर्ने केहि योजना तथा कार्यक्रमको रकम चालु आ.व. को कार्यक्रममा छुट हुन गएकोले दायित्व भुक्तानी देहायका श्रोत तथा कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।
तपसिलः

<u>तपसिलः</u>

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | खर्च व्यहोरिने कार्यक्रम | रकम |
|---|---|---|---|
| १. | एक स्थानीय तह एक पशुसेवा उत्पादन विशेष कार्यक्रम | पशुसेवा कार्यक्रम साझेदारी | ४०००००। |
| २. | एक स्थानीय तह एक बाली उत्पादन विशेष कार्यक्रम | कृषि कार्यक्रममा लागत साझेदारी | ४०००००। |
| ३. | कालिका मा.वि. अधुरो भवन निर्माण र फिल्ड मर्मत | मर्मत सम्भार कोष | ३८४०००। |

८. बालिका तथा समावेशी शिक्षा सञ्जाल परिचालन कार्यविधि २०८० माथि छलफल तथा स्वीकृत गर्ने निर्णय गरियो।

९. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत वडा नं. ४ को लागि स्वीकृत भई आएको मन्घरचौर तरकारी तथा फलफूल खेती आयोजना कार्यान्वयनको लागि आवश्यक सार्वजनिक जग्गा उपलब्ध नभएको हुँदा उक्त आयोजना संशोधन गरि देहाय बमोजिमको आयोजना कायम गरिदिनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | स्वीकृत आयोजनाको | | संशोधित आयोजनाको | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम | स्थान | नाम | स्थान | |
| १. | मन्घरचौर तरकारी तथा फलफूल खेती | वडा नं. ४ | पोखरा धागेछडी सिलाजु लाग्ने देखि लामीखाल घोरेटो बाटो निर्माण | वडा नं. ४ | |